# पोखरा महानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
नयाँबजार, कास्की
गण्डकी प्रदेश, नेपाल

फोन नं.: ०६१-५७५६४०
Postal Code: 6X9P+4F Pokhara
ईमेल: info@pokharamun.gov.np
वेबसाइट: pokharamun.gov.np


पत्र संख्या : २०८२/०८३
च.नं. :

## आ.व. २०८२/०८३ को का.स.मू. तथा सम्पत्ति विवरण पेश गर्ने सम्बन्धी
## अत्यन्त जरुरी सूचना
## मितिः २०८३/०३/३२

प्रस्तुत विषयमा पोखरा महानगरपालिका अन्तर्गत कार्यरत सबै स्थायी कर्मचारीहरूले कार्य सम्पादन मूल्याङ्कन फाराम भरी यही मिति २०८३ श्रावण ७ गते कार्यालयसमयभित्र महानगरपालिकाको प्रशासन महाशाखामा दर्ता गराउनुहुन अनुरोध छ। साथै आर्थिक बर्ष २०८२/०८३ को सम्पत्ति विवरणका सम्बन्धमा तपशिल बमोजिम गर्नुहुन सबै जनप्रतिनिधि/कर्मचारीहरुमा अनुरोध छ।

१. कर्मचारी समायोजन ऐन, २०७५ अनुसार समायोजन भएका निजामती तर्फका कर्मचारीहरुले आ.व. २०८२/०८३ को सम्पत्ति विवरण ६०(साठी) दिनभित्र सोझै **राष्ट्रिय किताबखाना (निजामती) पुलचोक, ललितपुरमा** पेश गर्ने।

२. तपशिल बमोजिम जनप्रतिनिधि/कर्मचारीहरुले आ.व. २०८२/०८३ को सम्पत्ति विवरण मिति २०८३ भदौ १५ गतेभित्र **महानगरपालिकाको प्रशासन महाशाखामा** पेश गर्नेः

- पोखरा महानगरपालिकाका सबै जनप्रतिनिधिहरु,
- २०७६ मा स्थानीय सेवाका लागि नियुक्ति भई किताबखानाबाट संकेत नम्बर जारी भएका कर्मचारीहरु,
- कर्मचारी समायोजन ऐन, २०७५ अनुसार समायोजन भएका अन्य सेवा तर्फका कर्मचारीहरु,
- प्रदेश लोक सेवा आयोगबाट सिफारिस भई कार्यरत सबै स्थायी कर्मचारीहरु,
- साविक स्थानीय निकायका सबै स्थायी कर्मचारीहरु,
- महानगरपालिकामा कार्यरत सबै करारका कर्मचारीहरू,

प्रशासन महाशाखा
पोखरा महानगरपालिका